सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बड्डाँडा, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.स:२०८२/०८३

च.नं: ८४६

मिति:२०८२।०८।१९

श्री वडा कार्यालयहरु सबै।

श्री विषयगत शाखाहरु।

सरुमारानी गाउँपालिका, प्यूठान।

**बिषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा।**

प्रस्तुत विषयमा सरुमारानी गाउँकार्यपालिकाको मिति २०८२।०८।१५ गतेको बैठकको निर्णयहरु आवश्यक जानकारी तथा कार्यान्वयनका लागि यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ।

२०८२/८/१९

(त्रिविक्रम खड्का)

प्रमुख प्रशासकीय अधिकृत

त्रिविक्रम खड्का

प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क ठेगानाः सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय बड्डाँडा-०४, प्यूठान ,लुम्बिनी प्रदेश नेपाल

कार्यालयको फोन नं ९८५७८३६०२२ .Website:www.sarumaranimun.gov.np

Email :sarumarani2073@gmail.com

CamScanner

## मिति २०८२।०८।१५ गते

## गाउँकार्यपालिकाको उनान्सत्तेरियौं बैठकका प्रस्तावहरु:

१. प्रगती समिक्षा सम्वन्धमा ।

२. प्रथम चौमासिक सार्वजनिक सुनुवाई सम्वन्धमा ।

३. वहुक्षेत्रीय पोषण कार्यक्रमको कार्यक्रम वर्गीकरण सम्वन्धमा ।

४. अति विपन्न परिवार छनौट सम्वन्धमा।

५. विशेष अनुदानका विभिन्न शिर्षकका तालिमहरु सम्वन्धमा ।

६. वालविकास केन्द्र छनौट सम्वन्धमा।

७. कृषि सिचाई पुर्वाधार आयोजना छनौट सम्वन्धमा ।

८. लघुउद्यम विकास समिति पुनर्गठन सम्वन्धमा ।

९. खोप केन्द्र भवन निर्माण-स्थान छनौट सम्वन्धमा ।

१०. वालवालिकाको मुटु चेकअप सम्वन्धि कार्यक्रम संचालन सम्वन्धमा ।

११. वालविकास मा.वि.को भवन निर्माण सम्वन्धमा ।

१२. भवन निर्माण तथा सडक मापदण्ड स्वीकृत सम्वन्धमा ।

१३. मर्मत संभार सम्वन्धमा ।

१४. आर्थिक सहायता सम्वन्धमा ।

१५. विविध सम्वन्धमा ।

- स्थानीय कर सम्वन्धमा ।
- एम.वि.वि.एस./ईन्जिनियरमा नाम निकाल्ने विधार्थिलाई सम्मान गर्ने सम्वन्धमा ।

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

भीम वहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

**बैठक संख्या-६९**
**मिति: २०८२।०८।१५ गते**
## गाउँकार्यपालिकाको उनान्सत्तेरियौं बैठकका निर्णयहरु

**निर्णय नं. १ प्रगति समिक्षा सम्बन्धमा ।**
प्रस्ताव न. १ माथि छलफल गर्दा यस गाउँपालिकाको मिति २०८२।०७।३० गतेको कार्यपालिकाको बैठकका निर्णयहरुको कार्यान्वयन, योजना कार्यान्वयनको अवस्था, सडक मर्मत लगाएतका विषयमा छलफल एवं समिक्षा गरियो ।

**निर्णय न. २ प्रथम चौमासिक सार्वजनिक सुनुवाई सम्बन्धमा ।**
प्रस्ताव न. २ माथि छलफल गर्दा यस गाउँपालिकाको चालु आ.व. २०८२।०८३ को प्रथम चौमासिक अवधिको सेवा प्रवाह र विकास कार्यहरुको विषयमा प्रथम चौमासिक समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम २०८२ पौष पहिलो हप्ता भित्र गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ बहुक्षेत्रीय पोषण कार्यक्रमको कार्यक्रम सम्बन्धमा ।**
प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस सरुमारानी गाँउपालिकामा आ.व. २०८२।०८३ मा चालु सशर्त अनुदान तर्फको बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पोषण सहजकर्ताको पारिश्रमिक तर्फ ३,००,०००।, **पोषणमैत्री स्थानिय शासन प्रवर्द्धन** तर्फ रु ९,००,०००। र सुनौलो हजार दिनका विपन्न महिलाको पोषण सुधारका लागि आयआर्जन अनुदान २८ जनालाई रु २५०००।का दरले जम्मा रु ७,००,०००। गरि जम्मा रु १९,००,०००। वजेट प्राप्त भएको जानकारी गराउदै तपसिल अनुसारको क्रियाकलापहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**तपशिलः-**

| क्र.स. | विषयगत क्षेत्र | क्रियापलापहरू | पटक | प्रति इकाई मूल्य | जम्मा रकम | श्रोत (नेपाल सरकार) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | शासकिय प्रबन्ध | गाउँपालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशन समिति बैठक | ३ | १९,०००। | ५७,००० | युरोपियन | २५ जना |
| क | | वडा स्तिरय पोषण तथा खाद्य सुरक्षा सहजिकरण समिति बैठक | ६ | ३३००। | २०,०००।। | युरोपियन | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ख | | पोषण सहजकर्ताको तलब भत्ता, पोषाक र मासिक रु ५००। संचार | १३ | ३२,९०२। | ४,४३,७२६। | नेपाल सरकार, युरोपियन र गा पा | १,४३,७२६। गा पा बाट नपुग |
| ग | | पोषण मैत्री नमुना गाउँ अभियान कार्यक्रम | | | १०००००। | युरोपियन | |
| | | जम्मा | | | ६,२०,५२६। | | |
| २ | स्वास्थ्य तर्फ | गर्भवती तथा सुत्केरी महिला तथा किशोरकिशोरी लक्षित पोषण प्रवर्द्धन कार्यक्रम | | | १,००,०००। | युरोपियन | |
| | | जम्मा | | | १,००,०००। | | |
| ३ | शिक्षा तर्फ | दिवा खाजा प्राप्त गर्ने ९ विद्यालयहरुमा स्थानिय स्तरमा उत्पादित खाद्य वस्तुको बारेमा विद्यार्थी, विद्यालयका स्वास्थ्य पोषण फोकल पर्शन शिक्षक र वि व्य स का अध्यक्षलाइ अभिमुखुकरण | ९ | १०,०००। | ९०,०००। | युरोपियन | |
| | | जम्मा | | | ९०,०००। | | |
| ४ | महिला तथा बालबालिका तर्फ | सुनौलो हजार दिनका विपन्न महिलाको पोषणमा सुधारको लागि आयआर्जन अनुदान वितरण | १ | २५,०००। | ७,००,०००। | युरोपियन | |
| | क | ६ वटै वडामा समाजिक सुरक्षा भत्ता कार्यक्रम अन्तरगत बाल | ६ | १५,५००। | ९३,०००। | युरोपियन | २५ जनाका दरले |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पोषण प्राप्त गर्ने बालबालिकाका अविभावकहरुलाई पोषण सम्बन्धी अभिमुखीकरण | | | | | |
| | | जम्मा | | | ७,९०,०००। | | |
| ५ | खानेपानी तथा सरसफाई तर्फ | सबै वडाहरुमा सरसफाई तथा खानेपानी स्वच्छता सम्बन्धी अभियान कार्यक्रम | ६ | १०,०००। | ६०,०००। | युरोपियन | |
| | | जम्मा | | | ६०,०००। | | |
| ६ | कृषि तर्फ | सुनौलो हजार दिनका विपन्न आमाहरुलाइ विउ वितरण / करेसावारी तालिम | १ | | १,२०,०००। | युरोपियन | |
| | | जम्मा | | | १,२०,०००। | | |
| ७ | पशु सेवा तर्फ | सुनौलो हजार दिनका विपन्न आमाहरुलाइ ५ हसे ५ वटाका दरले कुखुराका चल्ला वितरण ( २ के जि दान र औषधी ) र ढुवानी | | | २,६०,०००। | युरोपियन | |
| | | कुल जम्मा | | | २०,४३,५२६। | | |

साथै सुनौलो हजार दिनका विपन्न महिलाको पोषणमा सुधारको लागि आयआर्जन/अनुदान वितरण कार्यक्रम र पोषण मैत्री नमुना गाउँ अभियान कार्यक्रम यस गाउँपालिकाको वडा नं. ६ बुढीचौर, किमिचौरमा संचालन गर्ने निर्णय गरियो ।

## निर्णय नं ४. अति विपन्न परिवार छनौट सम्बन्धमा।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आ.व. २०८२।०८३ का संघीय विशेष अनुदान तथा अन्य कार्यक्रम/तालिम कार्यान्वयनका लागि विपन्न परिवार लक्षित कार्यक्रम संचालन गर्दा नेपाल सरकारको गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका २०७५ (संशोधन

समेत) को अनुसूची-१ मा भएका गरिब परिवार पहिचानका सूचकहरुलाई आधारमानी विपन्न परिवार छनौट वडाले गरी वडाको सिफारिसमा कार्यान्वयन गर्ने निर्णय गरियो ।
उक्त निर्देशिकाको अनुसूची १ मा भएका सूचकहरु निम्नानुसार रहेका छन ।
तपिशलः

अनुसूची - १

गरिब परिवार पहिचानका सूचकहरु

(१) जनसांख्यिक तथा मानवीय अवस्थाः परिवारको आकार, परिवारको शैक्षिक अवस्था, परिवारमा निजी स्कुलमा अध्ययनरत बालबालिका, परिवारिक औसत आयु,
(२) परिवारका सदस्यको रोजगारीको अवस्था, आम्दानीको स्रोत, परिवारमा आश्रित व्यक्तिहरुको सङ्ख्या,
(३) बसोवास (घर) को भौतिक अवस्थाः घरको स्वामित्व, घरको छाना, घरको भित्ता, घरको जगको प्रकार, घरमा भएका कोठा सङ्ख्या,
(४) घरायसी सुविधाः पिउने पानीको उपलब्धता, शौचालयको सुविधा र प्रकार खाना पकाउने इन्धन, बत्तीको स्रोत,
(५) घरायसी सम्पत्तिः गाडी, इन्टरनेट जडान, केवल टेलिभिजन, टेलिफोन, रेफ्रिजरेटर, पशु चौपाया र चराचुरुङ्गीको सङ्ख्या आदि.
(६) भौगोलिक क्षेत्र तथा क्षेत्रगत गरिबीको अवस्थाः भौगोलिक क्षेत्रगत अवस्था (हिमाल, पहाड, तराई),
(७) जातजातिगत गरिबीको अवस्थाः सीमान्तकृत जातजातिगत समूह.
(८) जग्गा जमिनको अवस्था र त्यसको अनुमानित मूल्य,
(९) परिवारको आम्दानीः माथि उल्लेखित चरहरुलाई आधार मानेर परिवारको समग्र अनुमानित आम्दानीको प्रक्षेपण गर्ने।

**निर्णय नं. ५ विशेष अनुदानका विभिन्न शिर्षकका तालिमहरु सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आ.व.का संघीय विशेष अनुदान अन्तरगतका विभिन समूह/कार्यक्रम लक्षित तालिमहरु संचालनको लागि सबै वडाहरुको माग, आवश्यकता र प्राथमिकताका आधारमा सम्बन्धित वडाको सुझावलाई समेत मध्यनजर गरी आगामी कार्यपालिका बैठकबाट छलफल गरी तालिमका विषय छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ बालविकास केन्द्र छनौट सम्बन्धमा।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालु आ.ब.का संघीय विशेष अनुदान अन्तर्गत बालविकास केन्द्र मर्मत, रंगरोगन र कक्षा कोठा व्यवस्थापनका लागि शैक्षिक सामाग्री सहयोग शिर्षकमा विनियोजित रकम रु. ८,००,०००/- बाट तपिशलका विधालयहरुको वालिवकास केन्द्र तहमा भवन मर्मत, रंगरोगन, तारवार गरी बाकी रहेको रकमबाट कक्षाकोठा व्यवस्थापन र शैक्षिक सामाग्रीहरुको व्यवस्थापन मिलाउने निर्णय गरियो ।

तपशिलः

| क.स. | बालविकास केन्द्र/विधालयको नाम | ठेगना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | लुकलुके बालविकास केन्द्र भवन | वडा नं. ५ | १,००,०००/- | |
| २ | कल्पना बालविकास केन्द्र भवन | वडा नं. ५ | १,००,०००/- | |
| ३ | टाकुरा बालविकास केन्द्र भवन | वडा नं. ६ | १,००,०००/- | |
| ४ | शिवशक्ति प्रा.वि. भवन | वडा नं. ४ | १,००,०००/- | |
| ५ | संगम प्रा.वि. भवन | वडा नं.३ | १,००,०००/- | |
| ६ | सत्य मा.वि. भवन | वडा नं.२ | १,००,०००/- | बालविकास तह |
| ७ | खोलापारी बालविकास केन्द्र भवन | वडा नं. १ | २,००,०००/- | |
| | | जम्मा | ८,००,०००/- | |

**निर्णय नं. ७. कृषि सिचाई पुर्वाधार आयोजना छनौट सम्वन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा प्रदेश समपुरक योजना- कृषि सिचाई पुर्वाधार आयोजना अन्तरगत तपशिलका उप-आयोजनाहरु छनौट गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपिशल

| क.स. | बालविकास केन्द्र/विधालयको नाम | ठेगना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | बेथीखोला सिचाई योजना | वडा नं. ६ | १०,००,०००/- | |
| २ | हात्तिखाल भित्रिखोला सिचाई योजना | वडा नं. ५ | १०,००,०००/- | |
| ३ | बुढीखोला सिचाई योजना | वडा नं. ४ | १०,००,०००/- | |
| ४ | नौघाट सिचाई योजना | वडा नं. ३ | १०,००,०००/- | |
| ५ | उपल्लो ढाड सिचाई योजना | वडा नं. २ | ५,००,०००/- | |
| ६ | दरभानफाट सिचाई योजना | वडा नं. २ | ५,००,०००/- | |
| ७ | ददेरीखोला सिचाई योजना | वडा नं. २ | ५,००,०००/- | |
| ८ | आटीटार सिचाई योजना | वडा नं. १ | ४,००,०००/- | |
| ९ | डाडागाउँ सिचाई योजना | वडा नं. १ | ५,००,०००/- | |
| १० | फोर्साङ्गबाङ्ग सिचाई योजना | वडा नं. १ | ६,००,०००/- | |
| | | जम्मा | ७०,००,०००/- | |

**निर्णय नं. ८ लघुउद्यम विकास समिति पुनर्गठन सम्वन्धमा ।**

प्रस्ताव नं. ८ माथी छलफल गर्दा गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ५२ मा भएको व्यवस्था अनुसार कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न तपशिल बमोजिमको उद्यम विकास समिति पुर्नगठन गर्ने निर्णय गरियो ।

तपशिलः

- गाउँपालिकाको अध्यक्ष- श्री झगबहादुर विश्वकर्मा- संयोजक
- आर्थिक विकास समिति संयोजक श्री मो.हलिम हलुवाई-सदस्य
- प्रमुख प्रशासकीय अधिकृत श्री त्रिविक्रम खड्का-सदस्य
- वडा नं २ को महिला वडा सदस्य श्री मनकला सुनार-सदस्य
- महिला उद्यमी श्री भावना सारुमगर वडा नं.४ - सदस्य
- स्थानीय वित्तिय संस्था/सहकारीको प्रतिनिधि श्री व्यवस्थापक प्राईम कमर्शियल बैंक बङ्गाडा शाखा-सदस्य
- सम्बन्धित शाखा प्रमुख श्री साधना सिंह सदस्य-सचिव

**निर्णय नं. ९. खोप केन्द्र भवन निर्माण-स्थान छनौट सम्बन्धमा ।**
प्रस्ताव नं. ९ माथी छलफल गर्दा गाउँपालिकाको चालु आ.ब.को बार्षिक स्वीकृत कार्यक्रमको स्वास्थ्य क्षेत्रको खोपकेन्द्र भवन निर्माण शिर्षकमा विनियोजित रु. ५,००,०००/- बाट तपिशलका स्थानहरुको खोपकेन्द्र भवन निर्माण गर्ने निर्णय गरियो ।

**तपिशलः**

- झिलिवाङ्ग खोपकेन्द्र भवन निर्माण वडा नं. १ रु.२,५०,०००/-
- साठीघरे चौपारी खोपकेन्द्र भवन निर्माण वडा नं. ३ रु.२,५०,०००/-

**निर्णय नं. १० वालवालिकाको मूटु चेकअप सम्बन्धि कार्यक्रम संचालन सम्बन्धमा ।**
प्रस्ताव नं. १० माथी छलफल गर्दा यस गाउँपालिका अन्तर्गत विधालयहरुमा अध्ययनरत सबै वालवालिकाहरुको मुटु रोग सम्वन्धी स्क्रिनिङ्ग (चेकअप) कार्यक्रम यस गाउँपालिकाको सहयोग, समन्वय तथा हर्ट फाउन्डेसन जिल्ला शाखा प्यूठानको प्राविधिक सहयोगमा संचालन गर्ने र सो कार्यक्रम संचालनको लागि लाग्ने मुटुचेकअप मेसिन ( ईकोकार्डियो ग्राफि प्रोटेवल मेसिन) को भाडा प्रतिदिन रु. १५,०००/- (कर बाहेक), सो कार्यमा गाउँपालिकाबाहिरबाट आउने डाक्टरहरुको प्राविधिक टिमहरुको यातायात, खानाबास, कार्यक्रम संचालनको नास्ता खर्च तथा अन्य प्राविधिक परिचालन खर्च गाउँपालिकाले कार्यक्रम खर्च शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ बालविकास मा.वि. गनाहाको भवन निर्माण सम्बन्धमा ।**
प्रस्ताव नं. ११ माथी छलफल गर्दा यस गाउँपालिकाको वडा नं. २ मा रहेको श्री बालविकास मा.वि. गनाहामा संघीय सरकारबाट सशर्त अनुदानबाट निर्माण हुने भवन विधालय व्यवस्थापन समिति/ निर्माण समिति मार्फत गर्ने/गराउने निर्णय गरियो ।

**निर्णय नं. १२ भवन निर्माण तथा सडक मापदण्ड सम्बन्धमा।**
प्रस्ताव नं. १२ माथी छलफल गर्दा यस गाउँपालिकाको भवन निर्माण तथा सडक मापदण्ड, २०८२ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं १३ मर्मत संभार सम्बन्धमा ।**

क) प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस गाउँपालिकाको चालु आ.ब. २०८२।०८३ को बार्षिक स्वीकृत कार्यक्रम अन्तरगत मर्मत संभार कोष शिषर्कमा विनियोजित रकमबाट निम्न योजनाको मर्मत गर्ने निर्णय गरियो ।

- झिलिवाङ्ग-दुमही मो.बा. मर्मत वडा नं. १-३ रु. ६०,०००/-
- ने.रा.प्रा.वि. भवन मर्मत वडा नं. ५ रु .६०,०००/-

ख) यस गाउँकार्यपालिकाको मिति २०८२।६।३० गतेको कार्यपालिकाको बैठकको निर्णय नं. ३ मा विभिन्न सडकहरुको मर्मत संभार वडा नं. ३ रु. १,७५,०००/- विनियोजन भएकोमा उक्त रकमलाई निम्नानुसार बाँडफाड गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

- विभिन्न सडकहरुको मर्मत संभार वडा नं. ३ रु. ९५,०००/-
- कोटघर झिलिवाङ्ग मो.बा. मर्मत वडा नं. ३ रु. ५०,०००/-
- पालुकाथान बांगेशाल मो.वा मर्मत वडा नं.३ रु. ३०,०००/-

**निर्णय नं १४. आर्थिक सहायता सम्बन्धमा**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस कार्यालयबाट तपशिलका व्यक्तिहरुलाई दिर्घरोग स्वास्थ्य सहायता कार्यक्रम शिर्षकबाट आर्थिक सहयोग उपलब्ध गराईएकोमा उक्त सहयोगलाई अनुमोदन गर्ने निर्णय गरियो ।

- सरुमारानी गाउँपालिका वडा नं १ को खगेश्वर शर्मा/दुर्पतादेवी शर्मा रु. २५,०००/-
- सरुमारानी गाउँपालिका वडा नं ६ को कमल बहादुर पुन रु. २५,०००/-
- सरुमारानी गाउँपालिका वडा नं ३ को डेमबहादुर गुरुङ्ग/दानीदेवीगुरुङ्ग रु. १५,०००/-

**निर्णय नं. १५ बिबिध सम्बन्धमा ।**

- **स्थानीय कर सम्वन्धमा ।**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५४ बमोजिम सरुमारानी गाउँपालिकाले कानुन बमोजिम बाहेक आफ्नो अधिकारक्षेत्र बाहिर करारोपण नगरेको व्यहोरा स्वघोषणा गर्दछ ।

- **एम.वि.वि.एस./ईन्जिनियरमा नाम निकाल्ने विधार्थीलाई सम्मान गर्ने सम्वन्धमा ।**

यस गाउँपालिका अन्तर्गतका विधालयहरुवाट विधालय तह उत्रीण गरी उच्चशिक्षा अध्ययनको लागि एम.वि.वि.एस. र ईन्जिनियर विषय अध्ययनको लागि छात्रवृतीमामा नाम निकाली सोही विषयमा अध्ययनको लागि अब देखी भर्ना हुने विधार्थीहरुलाई गाउँपालिकाले पुरस्कारसहित सम्मान गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो।

प्रमाणिकरण मिति २०८२/०८/१६

प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष